मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना सन्देश :

नेपालीहरूको महान् चाड बडादसैं-२०८० का पावन अवसरमा यस कोशी प्रदेशसहित देश-विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल विविध भाषा, धर्म र संस्कृतिले धनी देश हो । हाम्रा सांस्कृतिक पर्वहरू आपसी सहिष्णुता र भावनात्मक एकताका प्रतीक हुन् । नेपालीहरूले खुसी र उमङ्गले मनाउने दसैं एउटा ठुलो पर्व हो । यस पर्वले परम्परागत सांस्कृतिक र धार्मिक मूल्यमान्यतालाई आत्मसात् गर्दै अन्य विशेष सन्देश पनि दिँदै आएको छ ।

बडादसैं असत्यमाथि सत्यको र दानवीय प्रवृत्ति माथि दैवी प्रवृत्तिको विजयको सन्देशका साथ समस्त मानव-जीवनलाई सत्कर्मका लागि दिने प्रेरणा दिने विशिष्ट अवसर पनि हो । यस चाडले मान्यजनबाट टीका र आशीर्वाद लिने अनि टाढा-टाढा रहेका आफन्तसँगको भेटघाट र मित्रताको पाटोलाई पनि जोड्दछ ।

कोशी प्रदेशको सरकार सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै सुशासन, शान्ति, स्थिरता र समुन्नतिका मार्गमा सदा गतिशील छ । हजारौं जनताको बलिदान, त्याग र सङ्घर्षबाट प्राप्त हाम्रो संविधान र त्यसका उपलब्धिलाई संस्थागत र सुदृढ नगरेसम्म हामी समुन्नत नेपालको मार्गमा अघि बढ्न सक्तैनौं । यसका लागि यस पवित्र पर्वका अवसरमा हामीले आपसमा प्रेम, भाइचारा, सहिष्णुता र समन्वयको भावधारालाई अङ्गीकार गर्ने सङ्कल्प गर्नुपरेको छ ।

चाडपर्वमा हुन सक्ने जोखिमलाई दृष्टिगत गरेर यस प्रदेशमा सुरक्षा निकायका प्रतिनिधिहरू खटिएका छन् । अहिलेको परिप्रेक्ष्यमा आम नागरिकले यस्ता चाडपर्वमा फजुल र भड्किलो खर्च नगरी शिष्ट, सभ्य र मितव्ययी तरिकाले चाडबाड मनाउनु आवश्यक भएको छ ।

अन्तमा बडादसैं-२०८० का अवसरमा म देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ र दिदीबहिनीमा पुन: हार्दिक र मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

२०८० कात्तिक ४ गते शनिवार ।

केदार कार्की
मुख्यमन्त्री

Scanned with CamScanner